कार्यपालिका बैठक संख्या : १५२
बैठक मिति : २०८२/०७/२४
अध्यक्षता : नगर प्रमुख श्री हेमकर्ण पौडेल

**निर्णय नं. १**

गत विगत आर्थिक वर्षहरु को इटहरी उपमहानगरपालिकाको स्वीकृत बजेट कार्यक्रम अनुसार सम्पन्न भएका योजना तथा कार्यक्रमहरुको भुक्तानीका लागि नगर कार्यपालिकाको कार्यालयमा पेश भएका र भुक्तानी हुन बाँकी रहेको अवस्थामा जेनजी पुस्ताद्वारा २०८२ साल भाद्र २३ र २४ गते भएको आन्दोलन/प्रदर्शनमा नगर कार्यपालिकाको कार्यालय तथा वडा कार्यालयहरुमा आगजनी, तोडफोड र चोरी भई फायल तथा कागजात बिल भरपाई नष्ट भएको र कागजात हराएको अवस्था रहेकोले फाइल तथा कागजात सकुशल भएका र कागजात पुरा भएका उपभोक्ता समिति र संघ सँस्थाहरुलाई सम्बन्धित शिर्षकबाट तत्काल भुक्तानी उपलब्ध गराउने साथै जलेका नष्ट भएका तथा हराएका फायल कागजातको हकमा सम्बन्धित उपभोक्ता समिति तथा संघ सँस्थाहरुसँग भएको सम्झौता, बैठक पुस्तिका तथा कागजात एवं बिल भरपाईहरुको प्रतिलिपी माग गरी स्थलगत रुपमा सर्जमिन मुचुल्का, प्राविधिक मूल्याङ्कन र अनुगमन समेत गरी पहिले भएको भुक्तानीको समेत यकिन गरी सम्बन्धित शिर्षकबाट उपभोक्ता समिति र सँघ संस्थाहरुलाई भुक्तानी दिने निर्णय गरियो ।

(क) गत विगत आर्थिक वर्षहरु मा उपभोक्ता समितिसँग सम्झौता भई निर्माण कार्य भइरहेका अधुरा योजनाहरुको मिति २०८३ साल असार मसान्तसम्म निर्माण सम्पन्न, म्याद थप गर्ने तथा निर्माण कार्य सम्पन्न भएर सम्बन्धित वडा कार्यालयबाट भुक्तानीका लागि सिफारिस भइ आएका योजनाहरुको हाल सम्मको म्याद थप गर्ने निर्णय गरियो साथै प्राविधिक अन्तिम मुल्याङ्कन, कार्य सम्पादन प्रतिवेदन तथा वडा कार्यालयको सिफारिस अनुसार भुक्तानी गर्ने निर्णय गरियो ।

(ख) गत विगत आ.व. हरुमा बोलपत्र/ठेक्का मार्फत सम्झौता भएका विभिन्न कारणले सम्पन्न नभएका योजनाहरुको मिति २०८३ साल असार मसान्तसम्म म्याद थप गर्ने निर्णय गरियो ।

(ग) मिति २०८१/०१/०६ गते श्री नमुना कन्स्ट्रकसन बराहक्षेत्र-५ र यस कार्यालय बिच सम्झौता भएको ठेक्का नं. ITR/NCB/60W/081/081 को कार्यको ३१.०३ प्रतिशत मात्र कार्य सम्पन्न भइ वडा न.४ मा निर्माण गर्नुपर्ने बाँकी कार्य जग्गा बिवादका कारण सन्चालन हुने नदेखिएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा ५४ तथा सार्वजनिक खरिद नियमावली २०६४ को दफा ११८ बमोजिम भेरिएशन आदेश स्वीकृत गर्ने निर्णय गरियो ।

घ) आ.व. २०८२/०८३ मा संघीय सरकार र प्रदेश सरकारबाट स्वीकृत एवं विनियोजित भएको रकम अनुसारको योजनाहरु संम्झौता गरी सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

चालु आ.व. २०८२/०८३ को इटहरी उपमहानगरपालिकाको स्वीकृत नीति, कार्यक्रम तथा बजेट अन्तर्गत वडाहरुलाई विनियोजीत बजेट मध्ये प्रत्येक वडा बाट २५/२५ लाखका दरले बजेट कटौती गर्ने निर्णय गरियो र कटौती भई हुन आउने रकम बाट गत भाद्र २३ र २४ गते भएको जेनजी आन्दोलनमा आगजनी, तोडफोड, लुटपाट र चोरी भएका कार्यालय मर्मत, सवारी साधन, फर्निचर, अम्प्युटर लगायत कार्यालयका अन्य आवश्यक सामग्रीहरु देहाय बमोजिम बजेटको व्यवस्थापन गरी खरिद तथा मर्मत गर्ने निर्णय गरियो ।

देहाय

| क.सं. | विवरण | विनियोजित रकम | कैफीयत |
|---|---|---|---|
| १ | सवारी साधन तर्फ<br>१. वारुणयन्त्र (दमकल) थान १ (एक)<br>२. कार्यालय प्रयोजनका लागि साना सवारी साधन थान २ (दुई)<br>३. ट्र्याक्टर थान २ (दुई)<br>४. ट्रिपर थान १ (एक) | २ करोड ५० लाख | |
| २ | कार्यालयमा आवश्यक फर्निचर तथा फर्निसिंङ | १ करोड | |
| ३ | कम्प्युटर, ल्यापटप, प्रिन्टर, स्क्यानर लगायत | १ करोड | |
| ४ | कार्यालय तथा वडा कार्यालयहरु मर्मत तथा निर्माण | २ करोड | |

**निर्णय नं. ३**.

आर्थिक वर्ष २०८०/०८१ को इटहरी उपमहानगरको स्वीकृत बजेट कार्यक्रम अनुसार उपमहानगरपालिका र कृषकहरुको पचास/ पचास प्रतिशत लागत सहभागिता व्यहोर्ने गरी पावर टिलर खरिद गरि कृषकहरुलाई वितरण गरीएकोमा उक्त पावर टिलरहरुको कार्य क्षमतामा प्रभावकारी ढंगबाट कार्य गर्न नसक्ने अवस्था देखिएको भनी कृषकहरुबाट गुनासो समेत प्राप्त भएकोले पावर टिलर आपूर्तीकर्ता टेक्नो नेपाल इन्जिनियरिङ्ग सोलुसन प्रा.लि. सँग भएको सम्झौता अनुसार नगरपालिकालाई पावर टिलर आपूर्ती गरेको १३ महिना सम्म मर्मत संभार गर्ने दायित्व आपूर्ती कर्ताको हुने भन्ने उल्लेख भएकोमा कृषकको गुनासो पश्चात मेकानिकल इन्जिनियर रुपेश आचार्यलाई जाँच गर्न तोकिएकोमा निज मेकानिकल इन्जिनियरको प्रतिवेदनमा समेत पावर टिलरको कार्य सम्पादन प्रभावकारी ढंगबाट गर्न नसकिने भनी प्रतिवेदन प्राप्त भएको र मर्मत संभारका लागि पटक-पटक आपुर्तीकर्ता लाई पत्राचार गरिएकोमा आपूर्ती कर्ताको तर्फबाट हाल सम्म मर्मत संभार नगरी करारगत दायित्व पुरा नगरेकोले उक्त आपुर्तीकर्ता कम्पनीले कार्य सम्पादन बापत राखेको धरौटी रकम रु.११, ४०,०००/- ( अक्षरेपी एघार लाख चालिस हजार मात्र) जफत गर्ने निर्णय गरियो । साथै चालु आर्थिक वर्ष २०८२/०८३ को वहुबर्षीय योजना भुक्तानी शिर्षक बाट श्रोत व्यवस्थापन गर्ने गरी पावर टिलर खरिद गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

इटहरी उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालयमा विभिन्न कम्पनी, निर्माण व्यवसायी, संस्था तथा व्यक्तिहरुबाट जम्मा गरेको धरौटी रकमको अभिलेख जेनजी आन्दोलन / प्रर्दशनबाट आगजनी, तोडफोड, लुटपाट र चोरी भएकोले धरौटी कर्ताको कतिपय अभिलेख नष्ट भएकोहुँदा सम्बन्धित सबैले आ-आफ्नो धरौटी राखेको प्रमाण नगरकार्यपालिकाको कार्यालयमा पेश गर्नु हुन १५ दिने सुचना प्रकाशित गर्ने र धरौटी जम्मा गरेको अभिलेख नष्ट भएको कारणले बैंकमा भएको धरौटी खाता ग-३-१/ ०५९०३०००००३००००००००१ मा असार मसान्त सम्ममा भएको बाँकी मौजाद रकमलाई इटहरी उपमहानगरपालिकाको नाममा आम्दानी बाधी एकमूष्ट रुपमा जम्मा भएको धरौटी रकमलाई नगरपालिकाको नाममा आम्दानी बाँधी सोही नामबाट सम्बन्धित संघ संस्था तथा व्यक्तिलाई धरौटी फिर्ता दिने निर्णय गरियो ।

**निर्णय नं. ५**

इटहरी उपमहानगरपालिका द्वारा किसान सूचिकरण कार्यविधि २०७७ अनुसार सुचना प्रकाशित गरि २० वटै वडाबाट वडागतरुपमा प्रविष्ट भएको किसानहरुको नामावलीलाई किसान सूचिकरण कार्यविधि २०८१ अनुसार सूचिकृत भएको कृषकहरु र प्रत्येक वडा वाट सिफारिस भई आएका नामावलीहरु लाई किसान परिचयपत्र वितरणकालागि प्रमाणीकरणका गरी कृषि तथा पशुपंक्षी विकास मन्त्रालय हरिहर भवन ललितपुर पठाउने निर्णय गरियो ।

**निर्णय नं. ६**

इटहरी उपमहानगरपालिका वडा नं. २० बस्ने गोपाल राईले इटहरी उपमहानगरपालिकाको कार्यालयमा मिति २०८२/०७/२१ मा दिनु भएको निवेदन अनुसार गोपाल राईको नाममा दर्ता रहेको इटहरी-१९ को साविक हासपोसा ४/ ग को कि.नं. ३५४५ क्षेत्रफल ०-०-१० र तारा श्रेष्ठ राईको नाममा दर्ता कायम रहेको हासपोसा ४/ग को कि.नं.३५६५ क्षेत्रफल ०-०-१० गरी कुल (कठ्ठा) जग्गाको सिमाना मिचि सधियार ज्ञान दर्पण आवासिय विद्यालयले पक्कि पर्खाल लगाईएकोले सो पर्खाल भत्काइ सिमाना छुटाई माथि उल्लेखित जग्गाको अतिक्रमण हटाई पाउँ भनि माग गर्नु भएकोमा सो सम्बन्धी स्थलगत रुपमा नापजाँच गराई स्थानीय भद्र भलाद्मीहरु समेतको रोहवरमा छलफल गरी गराई ३५ दिन भित्र प्रतिवेदन पेश गर्नका निम्ति देहाय बमोजिमको विवाद निवारण समिति गठन गर्ने निर्णय गरियो ।

देहाय :

१) संयोजक - श्री मणिराम श्रेष्ठ, २० नं. वडा अध्यक्ष

२) सह-संयोजक - श्री श्रीनारायण चौधरी, १९ नं. वडा अध्यक्ष

३) सदस्य - श्री मणिराम गिरी, समाजसेवी

४) सदस्य - खगेन्द्र गिरी, समाजसेवी

५) सदस्य - श्री तेज बहादुर अधिकारी, समाजसेवी

६) सदस्य - श्री
७) सदस्य - श्री विशाल खतिवडा, अमिन

**निर्णय नं. ७**

मिति २०८२ भाद्र २३ र २४ गत भएको जेनजी पुस्ताद्वारा भएको आन्दोलनको क्रममा इटहरी उपमहानगरपालिका कार्यालय तथा वडा कार्यालयहरुमा भएको तोडफोड र आगजनीका कारण भवनहरु पुर्णरुपमा क्षति भएकोमा हाल ८ नं. वडा कार्यालय भवन र १७ नं. वडा कार्यालय भवन पुर्ण रुपमा क्षति भएकोले उक्त भवनबाट तत्काल सेवा उपलब्ध गराउन नसकिने भएको हुँदा घर मासिक भाडामा लिई वडा कार्यालयहरु सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कोशी प्रदेश विराटनगरको मिति २०८२/०६/०८ गतेको च.नं. ७८१ पत्रानुसार तत्कालिन अवस्थामा यस कार्यालयमा कार्यरत स्थानीय प्रशासन सेवा लेखा समुह अधिकृत आठौ लेखा अधिकृत श्री विकास पोखेललाई पथरी शनिश्चरे नगरपालिका सरुवा गरेकोमा उक्त सरुवामा चित्त नबुझी निज लेखा अधिकृत विकास पोखेलले सम्मानित उच्च अदालत विराटनगरमा 082-WO-0001 को मुद्दाबाट अन्तरिम आदेश गरी पाँउ भनि रिट निवेदन दायर गर्नु भएकोमा मिति २०८२/०६/२७ मा सम्मानित उच्च अदालत विराटनगरबाट निवेदकको माग दावि वमोजिम अन्तरिम आदेश जारी नभई मुद्दा विचाराधिन रहेको अवस्थामा प्रशासकीय अदालत सिहंदरवार काठमाण्डौंको मिति २०८२/०७/२१ को चं.नं ५७८ पत्रानुसार सरुवा निर्णय कार्यान्वयन नगराउनु भनि पत्र प्राप्त भएको स्थानीय सरकारी सेवा (गठन तथा संचालन) ऐन २०८० को दफा २४ को (४) अनुसार स्थानीय तहका कर्मचारीहरुको अन्तरपालिका सरुवा गर्ने अधिकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यलयमा रहेको र पालिकाहरुले सरुवा सिफारिस गर्ने मात्र अधिकार भएको र निज लेखा अधिकृत आठौं विकास पोखेलको सरुवा मुख्यमन्त्री तथा मन्त्रिपरिद्को कार्यालय कोशी प्रदेश विराटनगरबाट भएकोले सम्मानित प्रशासकीय अदालत सिहंदरवार काठमाण्डौंको अन्तरकालिन आदेश प्राप्त भएकोमा सम्मानित प्रशासकिय अदालत काठमाणडौमा दायर भएको पुनरावेदन (०८२-AC-०११६) अन्तिम फैसला अनुसार कार्यान्वयन हुने गरी हाल लाई उक्त अन्तरकालिन आदेश उपर पुनरावलोकन/ पुनरावेदन/निवेदन सम्बन्धित सम्मानित अदालतहरुमा पेश तथा दर्ता गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

इटहरी उपमहानगरपालिका अन्तर्गत (खनार, एकम्वा, पकली र हाँसपोसा) मा रहेका ४(चार) ओटा स्वास्थ्यचौकीहरु चिकित्सक (डाक्टर) स्वास्थ्यकर्मी लगायतका जनशक्तिहरु करार सेवामा पद पुर्तीका निम्ती यस अगावै विज्ञापन भएकोमा उक्त पदहरुको परिक्षा सञ्चानलन गरी पदपुर्तीको लागि सिफारीस समेत गर्नका निम्ती यस उपमहानगरपालिका अन्तर्गत रहेको परिक्षा सञ्चालन तथा व्यवस्थापन समिति लाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. १०**

श्री कचना माध्यमिक विद्यालय इटहरी-४ मा कार्यरत राहत शिक्षिका देवी घिमिरेले मिति २०८२ असार देखि हालसम्मको विद्यालयमा उपस्थित भई नियमित अध्यापन गराई रहेकोमा सो अवधिको तलब भत्ता पाउँ भनि निवेदन माग गर्नु भएकोमा उल्लेखित अवधिमा निज शिक्षिका विद्यालयमा हाजिर भई कार्य गरेको भनि विद्यालयको तर्फबाट सिफारिस समेत भई आएको हुँदा निज शिक्षिकालाई तोकिए बमोजिमको पारिश्रमिक उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ११**

श्री कृष्ण प्रणामी प्रतिष्ठान नेपाल अन्तर्गत इटहरी ४ मा रहेको मंगल अतिथि भवनको अभिलेखिकरणका निम्ती यस कार्यालयमा निवेदन पेश भएको र अभिलेखी करणका लागि लाग्ने शुल्क दस्तुर छुटकालागि निवेदन सेमत पेश भएकोमा उक्त मंगल अतिथि भवन अभिलेखिकरण गर्न लाग्ने शुल्क दस्तुर छुट दिने निर्णय गरियो ।

**निर्णय नं. १२**

मिति २०८२ भाद्र २३ र २४ गते जेनजी पुस्ता द्वारा भएको आन्दोलन तथा प्रदर्शनमा आगजनी तथा तोडफोड भएका यस कार्यालयका सवारी साधनहरु मर्मत गरी पुन सञ्चालनमा ल्याउन नसकिने भनि प्राविधिक प्रतिवेदन समेत प्राप्त भएकोले उक्त क्षति भएका सवारी साधनहरु आवश्यक प्रकृया पुरा गरी लिलामी विक्री गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३**

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कोशी प्रदेश विराटनगरको मिति २०८२/०६/०८ गतेको च.नं. ७८१ पत्रानुसार यस तत्कालिन अवस्थामा यस कार्यालयमा कार्यरत स्थानीय प्रशासन सेवा लेखा समुह अधिकृत आठौं लेखा अधिकृत श्री विकास पोखेललाई पथरी शनिश्चरे नगरपालिका सरुवा गरेकोमा उक्त सरुवामा चित्त नबुझी निज लेखा अधिकृत विकास पोखेलले सम्मानित उच्च अदालत विराटनगरमा 082-WO-0001 को मुद्दाबाट अन्तरिम आदेश गरी पाउ भनि रिट निवेदन दायर गर्नु भएकोमा मिति २०८२/०६/२७ मा सम्मानित उच्च अदालत विराटनगरबाट निवेदनको माग दावि वमोजिम अन्तरिम आदेश जारी नभई मुद्दा विचाराधिन रहेको अवस्थामा प्रशासकीय अदालत सिहंदरवार काठमाण्डौंको मिति २०८२/०७/२१ को चं.नं ५७८ पत्रानुसार सरुवा निर्णय कार्यान्वयन नगराउनु भनि पत्र प्राप्त भएको अवस्थामा स्थानीय सरकारी सेवा (गठन तथा संचालन) ऐन २०८० को दफा २४ को (४) अनुसार स्थानीय तहका कर्मचारीहरुको अन्तरपालिका सरुवा गर्ने अधिकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको रहेको स्थानीय तहको सरुवा सिफारिस मात्र गर्ने अधिकार भएकोले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कोशी प्रदेश विराटनगरको मिति २०८२/०६/०८ गतेको च.नं. ७८१ पत्रानुसार सरुवा भएका लेखा अधिकृत श्री विकास पोखेलको सरुवा सम्वन्धि सम्मानित प्रशासकीय अदालत सिंहदरवार काठमाण्डौंको अन्तरकालिन आदेश उपर

पुनरावलोकन/ पुनरावेदन/ निवेदन सम्बन्धित सम्मानित अदालतहरुमा पेश तथा दर्ता गर्ने निर्णय भएको र इटहरी उपमहानगरपिलका नगर कार्यपालिकाको कार्यालयको पत्र संख्या २०८२/०८३ चनं १०६० मिति २०८२/०७/१८ मा लेखा अधिकृत विकास पोखरेललाई रमना गरी पठाइएको मा सोहीअनुसार नै हुने गरी प्रमुख प्रशासकीय अधिकृत लाइ निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. १४**

यस इटहरी उपमहानगरपालिकामा कार्यरत कर्मचारी दुर्गा देवी दाहाललाई स्तन क्यान्सर भई उपचारत रहेकोले उपचार खर्च बापत रु १ (एक) लाख आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १५**

इटहरी उपमहानगरपालिका वोल पत्र नं ITR/NCB/IG/081/082 "Procurement of supply delivery and stock of gravel at itahari sub-metropolitan city Area itahari sunsari", खरिद कार्यको लागि यस इटहरी उपमहानगरपालिका र एन. पि. निर्माण सेवा प्रा.लि सुन्दरहरैचा ४, मोरङ विच मिति २०८१/०६/२१ गते सम्झौता भई पहिलो म्याद थप गरि कार्य सम्पन्न गर्ने मिति २०८२/०६/२० गते सम्म रहेको र ग्रावेल खरिद सम्वन्धी शर्तहरुमा ग्रावेल भण्डारण स्थानबाट मर्मत गर्नुपर्ने स्थान/बाटो सम्मको  ढुवानी तथा अनलोड गर्ने जिम्मा इटहरी उपमहागरपालिकाको भएको हुदा पालिकाको आवश्यक उपकरण प्रयोग गरी कार्य हुदै आएकोमा यहि मिति २०८२ भदौ २३ र २४ गतेको जेनजी आन्दोलनबाट भएको आगजनीमा इटहरी उपमहानगरपालिकाको सवारी दर्ता तथा मेसिनरी औजार शाखाका सम्पूर्ण कागजात पूर्ण रुपमा जलि नष्ट भएको साथै उपकरण जलि संचालन हुन नसक्ने अवस्था भएको हुदा वाकी कार्य सम्पन्न गर्न कठिनाई भई असहज अवस्था सृजनाभएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९ को उपदफा २ को (ख) सार्वजनिक खरिद नियमावलि २०६४ को नियम १२७ बमोजिम सुविस्ताको आधारमा खरिद सम्झौता अन्त्य गर्ने निर्णय गरियो।

**निर्णय नं. १६**

यस इटहरी उपमहानगरपालिकाको खोला तथा पैनी सम्बन्धि मापदण्डमा पैनीको सेडब्याक ५ मिटर रहेकोमा उक्त मापदण्ड अव्यवहारीक भएको भनि स्थानीयबाट जनगुनासो आएकोले सो मापदण्ड पुनरावलोकनका निम्ती आगामी नगरसभा बैठकमा पेश गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं. १७</u>**

इटहरी उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालयमा बिभिन्न मितिमा आर्थिक सहयोगका लागि पेश गरेका निवेदकहरुलाई तपशिल अनुसारको आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

तपशिल

| **क.सं** | **आर्थिक सहायता गराइने ब्यक्ति वा संस्थाको नाम** | **ठेगाना** | **आर्थिक सहायताको विवरण** | **आर्थिक सहयोग रकम** | **कैफियत** |
|---|---|---|---|---|---|
| १ | निकिसा चौधरी | वडा नं.- १६, इटहरी | ब्लड क्यान्सर उपचारका सहयोग | १,००,०००। एक लाख | |
| २ | एक बहादुर अधिकारी | वडा नं.- ०४, इटहरी | छोरा रेसव अधिकारिको बैदेशिक रोजगारीको क्रममा मृत्यु भएको हुँदा काजक्रिया सहयोग | ५०,०००। पचास हजार | |
| ३ | रोसन चाहार | वडा नं.- ५, इटहरी | मृगौला सम्बन्धि रोग उपचार सहयोग | १,००,०००। एक लाख | |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | निर्मला खत्री | वडा नं.- १३, इटहरी | बाढीले पुर्याएको क्षती | ५०,०००। | |
| ५ | विष्णु बहादुर श्रेष्ठ | वडा नं.- २०, इटहरी | आगलागी क्षतिपुर्ति | ४०,०००। | |

**निर्णय नं. १८**

यस इटहरी उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालयमा कार्यरत देहाय बमोजिमको कर्मचारीलाई नेपाल सरकारले तोके बमोजिमको महंगी भत्ता उपलब्ध गराउने गरी निजहरु सँग सम्झौता गर्ने गराउने निर्णय गरियो ।

देहाय

| क्र. सं. | नाम | पद | उपलब्ध हुने रकम रु. |
|---|---|---|---|
| १ | मोतिराम चौधरी | चालक | ५०००।- |
| २ | समिर गड्तौला | चालक | ५०००।- |
| ३ | झगरु डोम | सफाई कर्मचारी | ५०००।- |
| ४ | भगलु डोम | सफाई कर्मचारी | ५०००।- |
| ५ | रामचन्द्र डोम मरिक | सफाई कर्मचारी | ५०००।- |
| ६ | राम विलास मलिक डोम | सफाई कर्मचारी | ५०००।- |
| ७ | अशोक मलिक डोम | सफाई कर्मचारी | ५०००।- |